प्र.खे.प., गण्डकी/कास्की जि.खे.वि.स., दर्ता नं. २२/२०७८

# युवा विकास तथा खेलकुद समन्वय समिति

माछापुच्छ्रे गाउँपालिका वडा नं. ८, कास्की

स्था: २०७८

च.नं.: ००१

प.सं.: २०७९/०८०

मिति: २०७९/०९/२७

श्री वडा अध्यक्ष ज्यू,

गण्डकी प्रदेश अन्तर्गतका म.न.पा./न.पा./गा.पा.

**विषय : प्रतियोगितामा सहभागिता सम्बन्धमा ।**

महोदय,

नेपाल सरकार, गण्डकी प्रदेश, कास्की जिल्ला, माछापुच्छ्रे गाउँपालिका वडा नं. ८ वडा कार्यालयको तत्वावधन, युवा विकास तथा खेलकुद समन्वय समिति, माछापुच्छ्रे गाउँपालिका वडा नं. ८ द्धारा '**माछापुच्छ्रे गाउँपालिका वडा नं. ८, वडा अध्यक्ष कप-२०७९**' आयोजना गरिएको सहर्ष जानकारी गराउँदछौं । तसर्थ उक्त प्रतियोगितामा वडाको एक समूह (टिम) उपस्थित गराई उक्त कार्यक्रमलाई सफल पारी सहयोग गरी दिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

| क्र.सं. | प्रतियोगिताको नाम | खेल हुने दिन | दर्ता शुल्क (रु.) | पुरस्कार | | | खेलाडी संख्या | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम (रु.) | द्धितीय (रु.) | सान्त्वना (रु.) (सेमि फाइनलमा उपविजेता २ टिमलाई) | | |
| १ | गण्डकी प्रदेश (म.न.पा./न.पा./गा.पा.) अन्तर वडा स्तरीय पुरुष भलिबल प्रतियोगिता | माघ १८, १९, २० र २१ गते | ५,०००/- | १,११,१११/- | ५५,५५५/- | २२,२२२/- को दरले | ९ | शिल्ड, मेडल र प्रमाण पत्र, विद्यागत तर्फ (उत्कृष्ट खेलाडी, सर्भर, स्पाइकर, मिडल ब्लकर, डिफेन्डर, सेटर, उदयमान खेलाडी र प्रशिक्षक) ट्रफी |
| २ | माछापुच्छ्रे गाउँपालिका वडा नं. ८ अन्तर गाउँ/टोल स्तरीय महिला भलिबल प्रतियोगिता | माघ १८, र २१ गते | नि:शुल्क | २५,०००/- | १५,०००/- | ८,०००/- को दरले | ९ | रनिङ्ग शिल्ड, ट्रफी, मेडल र प्रमाण पत्र, विद्यागत तर्फ (उत्कृष्ट खेलाडी, सर्भर, स्पाइकर, मिडल ब्लकर, डिफेन्डर, सेटर, उदयमान खेलाडी र प्रशिक्षक) ट्रफी |

**कार्यक्रमको विवरण :**

मिति : २०७९ माघ १८ देखि २१ गतेसम्म

स्थान : माछापुच्छ्रे गाउँपालिका वडा नं. ८, ठाँटी, ल्वाङघलेल, कास्की (वडा स्तरीय खेलमैदान)

टिम दर्ता मिति : २०७९ माघ १६ गते दिनको २ बजेसम्म

टाइसिट ड्र (गोलाप्रथा) : २०७९ माघ १६ गते, दिनको ३ वजे ।

सम्पर्क नं.: खेलकुद संयोजक (९८१५१०२५२६), खेलकुद उपसंयोजक/रेफ्री संयोजक (९८०३९७९६८९)

पारसमान गुरुङ
सचिव
९८०५८७००१४

सन्तोष गुरुङ
कार्यक्रम संयोजक
९८५६०३५६९५

गणेश वि.क.
अध्यक्ष
९८१६६३२८६५

# जानकारी

## माछापुच्छ्रे गाउँपालिका वडा नं. ८, वडा अध्यक्ष कप-२०७९

### गण्डकी प्रदेश अन्तर वडा स्तरीय पुरुष भलिबल प्रतियोगिता

१. यस प्रतियोगिता गण्डकी अन्तर वडा स्तरीय पुरुष भलिबल प्रतियोगिता हुनेछ ।

२. यस प्रतियोगितामा प्रत्येक समूह (टिम) मा ९ जना खेलाडी, १ जना प्रशिक्षक र १ जना व्यवस्थापक गरी कुल ११ जना हुनुपर्नेछ । एक वडाबाट एक वटा समूह वा टिम सहभागि हुन पाउनेछ ।

३. यस प्रतियोगिताको खेल अन्तर्राष्ट्रिय भलिबल महासंघ (FIVB) को नियम अनुसार खेलाइनेछ।

४. यस प्रतियोगिताको सेमिफाइनल र फाइनल खेलहरु बेष्ट अफ फाइभ (Best of Five) को आधारमा खेलाइनेछ भने अन्य खेलहरु बेष्ट अफ थ्री (Best of Three) को आधारमा खेलाईनेछ ।

५. यस प्रतियोगिता नकआउट प्रणालीको आधारमा खेलाइनेछ ।

६. सहभागी टिमहरुले सम्बन्धित वडाको लेटर प्याडमा आधिकारिक रुपमा खेलाडी नामावली विवरण र फोटो सहितको प्रमाणित सिफारिस अनिवार्य पेश गर्नु पर्नेछ । साथै यस प्रतियोगिताको लागि खेलाडीहरुले नागरिकता, जन्मदर्ता, बसाईसराई कागजपत्र, राहदानी, मतदाता परिचय पत्र वा सवारी चालक अनुमति पत्र मध्य कुनै एक प्रमाण पत्रको प्रतिलिपी अनिवार्य रुपमा सिफारिस पत्र सँगै दाखिला गर्नुपर्नेछ । माथि उल्लेखित कागजपत्र वाहेक अन्य कागजपत्रलाई मान्यता दिइने छैन । साथै सक्कल प्रमाण पत्र टिम वा व्यक्ति स्वयंले ल्याउनुपर्नेछ । टाइसिट ड्र २०७९ माघ १६ गते, दिनको ३:०० बजे हुने हुँदा सहभागी टिमहरुको एक जना प्रतिनिधि माथि उल्लेखित कागजपत्र र दर्ता शुल्क सहित अनिवार्य उपस्थिति हुनु पर्नेछ । यदि कागजपत्र र दर्ता शुल्क सहित उपस्थित नभएमा टिम दर्ता गराईने छैन । कुनै पनि सञ्चारको माध्यमबाट गराईएको टिम दर्ता स्वीकार्य हुनेछैन ।

७. खेलाडी पोशाक अनिवार्य लगाउनुपर्नेछ, जर्सीको अगाडि पछाडि स्पष्ट नम्बर हुनु पर्नेछ । साथै हाफ पाइन्टमा पनि नम्बर उल्लेख हुनुपर्नेछ ।

८. यस प्रतियोगितामा कुनै खेलाडी माथि उजुरी गर्नु परेमा खेल समाप्त भएको ३० मिनेट भित्र सम्बन्धित वडाको लेटर हेड र छाप सहितको निवेदन र रु ५,०००/- रकम असुल गरी उजुरी दिनुपर्नेछ । यदि उजुरी सदर भएमा रु. २५००/- फिर्ता गरी पराजित टिमलाई विजय घोषणा गरिनेछ । यदि उजुरी वदर भएमा रु. ५,०००/- फिर्ता हुने छैन । सामुहिक वा टिममाथि नै संयुक्त रुपमा उजुरी स्वीकार्य हुने छैन। उजुरी दिने क्रममा तीन जना खेलाडी भन्दा बढिलाई उजुरी दिन पाइने छैन । उजुरी दिदा खेलाडीको जर्सी नम्बर स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

९. यस प्रतियोगितामा कुनै पनि खेलाडी माथि उजुरी परेमा उक्त खेलाडीलाई आयोजक समितिले सूचना गरेपछि २० मिनेट भित्र आफ्नो पहिचान खुल्ने कागजपत्र लिएर बुझाउनुपर्नेछ । यदि २० मिनेट भित्रमा कागजपत्र दिन नसकेमा उक्त खेलाडी माथि लागेको उजुरी सदर गरी पराजित टिमलाई विजयी घोषणा गरिनेछ । उजुरी माथि आयोजक समितिबाट छानविन हुनेछ । नक्कली प्रमाण पत्र बुझाएको सावित भएमा उक्त प्रमाण-पत्र प्रशासनमा बुझाइनेछ । सोको जिम्मेवारी स्वयं टिम र खेलाडी हुनेछ ।

१०. यस प्रतियोगितामा कुनै पनि टिम आयोजकले तोकेको टाइसिट समय तालिका भन्दा ४५ मिनेट अगाडि आएर अफिसियल डेस्कमा रिपोर्टिङ वा सम्पर्क गर्नुपर्नेछ । समयमा उपस्थित हुन नसकेमा वाक ओभर गरिनेछ।

११. खेलमा कुनै विवाद सिर्जना भएमा उक्त विवादको निर्णय गर्ने अधिकार आयोजकको हुनेछ । आयोजकको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

१२. खेल २०७९ माघ १८ गते विहान ८ बजेदेखि संचालन हुनेछ ।

१३. भलिबल कोर्ट/खेलमैदान २ वटा (A कोर्ट र B कोर्ट) भएकाले खेलहरु दुवै खेलमैदानमा १८ गते विहान ८:०० बजेदेखि नै सञ्चालन हुनेछ ।

**नोट : कार्यक्रममा वा खेल खेल्दा प्राथमिक उपचार बाहेक अन्य उपचार आयोजक समितिबाट गरिनेछैन।**

**अन्य कार्यक्रम एवं आकर्षणहरु :** सांस्कृतिक प्रस्तुती, नृत्य प्रस्तुती, लोक दोहोरी प्रस्तुती, तेक्वान्दो खेलको डेमोन्स्ट्रेसन, गजल प्रस्तुती, क्यारिकेचर प्रस्तुती, पञ्चे बाजा प्रस्तुती, हास्यव्यङ्ग्य प्रस्तुती, झाँकी प्रस्तुती, ट्होटे प्रस्तुती, लाखे नाच प्रस्तुती, भजन प्रस्तुती, अतिथि सत्कार, अभिनन्दन, सम्मान तथा पुरस्कार वितरण कार्यक्रम ।

# गण्डकी प्रदेश अन्तर वडा स्तरीय पुरुष भलिबल प्रतियोगिता-२०७९

# खेलाडीहरूको विवरण

**टिमको नाम/ठेगाना :** ..........................................................................................

..........................................

आधिकारिक व्यक्तिको हस्ताक्षर

नाम, थर :

पद : टिम क्याप्टेन

..........................................

आधिकारिक व्यक्तिको हस्ताक्षर

नाम, थर :

..........................................

आधिकारिक व्यक्तिको हस्ताक्षर

नाम, थर :

..........................................

आधिकारिक व्यक्तिको हस्ताक्षर

नाम, थर :

..........................................

आधिकारिक व्यक्तिको हस्ताक्षर

नाम, थर :

..........................................

आधिकारिक व्यक्तिको हस्ताक्षर

नाम, थर :

..........................................

आधिकारिक व्यक्तिको हस्ताक्षर

नाम, थर :

..........................................

आधिकारिक व्यक्तिको हस्ताक्षर

नाम, थर :

..........................................

आधिकारिक व्यक्तिको हस्ताक्षर

नाम, थर :

..........................................

आधिकारिक व्यक्तिको हस्ताक्षर

प्रशिक्षकको नाम :

..........................................

आधिकारिक व्यक्तिको हस्ताक्षर

व्यवस्थापकको नाम :

# सम्बन्धित वडा कार्यालयबाट पठाउनुपर्ने सिफारिस पत्रको नमूना/ढाँचा

...................... म.न.पा./...................... न.पा/ ...................... गा.पा.
वडा नं ...................

श्री युवा विकास तथा खेलकुद समन्वय समिति,
माछापुच्छ्रे गा.पा. वडा नं. ८, लुम्रे, कास्की ।

**विषय : पुरुष भलिबल प्रतियोगितामा सहभागिताको लागि सिफारिस गरिएको बारे ।**

उपरोक्त सम्बन्धमा, कास्की, माछापुच्छ्रे गाउँपालिका वडा नं. ८ मा स्थित युवा विकास तथा खेलकुद समन्वय समितिद्वारा २०७९ माघ १८–२१ गतेसम्म आयोजना गरिएको **माछापुच्छ्रे गाउँपालिका वडा नं. ८ वडा अध्यक्ष कप-२०७९** अन्तर्गत गण्डकी प्रदेश **अन्तर वडा स्तरीय पुरुष भलिबल प्रतियोगितामा** यस वडाबाट तपसिलमा उल्लेखित व्यवस्थापक, प्रशिक्षक र खेलाडीहरु सहभागिताको लागि सिफारिस गरिएको छ ।

***तपसील***

| क्र.सं. | पद | नाम थर | कैफियत |
|---|---|---|---|
| १ | टिम क्याप्टेन | | |
| २ | खेलाडी | | |
| ३ | खेलाडी | | |
| ४ | खेलाडी | | |
| ५ | खेलाडी | | |
| ६ | खेलाडी | | |
| ७ | खेलाडी | | |
| ८ | खेलाडी | | |
| ९ | खेलाडी | | |
| १० | प्रशिक्षक | | |
| ११ | व्यवस्थापक | | |

हस्ताक्षर : ...............................................


नाम : ...............................................

वडा अध्यक्ष

# माछापुच्छ्रे गाउँपालिका वडा नं. ८,

# वडा अध्यक्ष कप-२०७९

**माघ १८ देखि २१ गतेसम्म**




## बस छुट्ने समय

| हरिचोक पोखराबाट | लुम्रेबाट |
|---|---|
| ७:३० | ०६:३० |
| ९:३० | ०८:०० |
| ११:३० | ०९:०० |
| ०१:०० | १०:३० |
| ०२:०० | १२:३० |
| ०४:०० | ०२:३० |
| ०५:०० | ०४:०० |

**हरिचोकबाट**

**बसमा ४५ मिनेट**

**बाईकमा २५ मिनेट**